# जिल्ला समन्वय समितिको मिति २०७४/१०/०७ गतेको बैठकको निर्णयहरु

(१) मिति २०७४ माघ १० र ११ गते हुने जि.वि.स. महासंघको अधिवेशनमा जि.स.स. काठमाडौंको तर्फबाट प्रमुख श्री शिवसुन्दर राजवैद्य, उप-प्रमुख श्री सरिता दाहाल र सदस्य श्री तेजिला थापाले सहभागिता जनाउने निर्णय गरियो ।

(२) साविक जि.वि.स. र काठमाडौं महानगरपालिका विच रजिष्ट्रेशन वांडफांड वापतको रकम र मालपोत रकम एकिनका लागि मिति २०७४/०९/१३ को निर्णयानुसार जि.स.स. काठमाडौंका योजना अनुगमन तथा प्रशासकिय अधिकृत श्री घनश्याम तिमिल्सिनाको संयोजकत्वमा गठित कार्यदलले मिति २०७४/०९/३० गते पेश गरेको प्रतिवेदनलाई अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

(३) ग्रामिण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना (RRRSDP) अन्तर्गत कागेश्वरी चक्रपथको आलापोट खण्डमा पर्ने साविक गागलफेदी गा.वि.स. वडा नं. ७ हाल कागेश्वरी मनोहरा न.पा. वडा नं. १ स्थित जग्गाधनी रीता ढकाल र राजकुमार ढकालको नाममा रहेको कित्ता नं. १८८ बाट कित्ताकाट भई कायम भएको कित्ता नं. ७६७ को जग्गा उक्त आयोजना अन्तर्गतको सडक मार्गमा नपर्ने भएकोले फुकुवा गरी पाउं भनी उल्लेखित जग्गाधनीहरुले संयुक्त निवेदन दिएको सम्वन्धमा मालपोत र नापी कार्यालय, सांखुबाट प्राप्त कागजातहरुबाट उक्त जग्गा सडक मार्गमा नपर्ने भन्ने व्यहोरा लेखी आएको हुंदा उक्त जग्गा फुकुवाको लागि मालपोत र नापी कार्यालय, सांखुलाई लेखी पठाउने निर्णय गरियो ।

(४) जि.स.स. भवनको भुईतला काठमाडौं महानगरपालिकालाई र पाँचौ तला भूकम्प आपत्कालिन सहायता आयोजना (EEA) लाई भाडामा दिने निर्णय अनुमोदन गरियो ।

(५) हालै सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा काठमाडौं जिल्लाबाट निर्वाचित हुनु भएका माननीय सदस्यहरुलाई सकेसम्म उपयुत्त समयमा स्वागत तथा वधाई कार्यक्रमको आयोजना गर्ने निर्णय गरियो ।

(६) साविक जिल्ला विकास समितिमा कार्यरत रहेको वखत सवारी साधन बुझी लिनु भई हाल अन्यत्र सरुवा भई जानु भएका वा निलम्वन वा अन्य कारणले यस कार्यालयमा कार्यरत नरहेका कर्मचारीहरुसंग रहेको सरकारी साधन (मोटरसाईकल, क्यामरा, ल्यापटप, आदि) जिम्मा रहेको तर निजहरुले हालसम्म नबुझाउनु भएको अवस्था देखिएकोले त्यस्ता जिन्सी सामानहरुको अभिलेख तयार गरी कार्यालयमा फिर्ता प्रवन्ध गर्नुपर्ने भएमा सो समेतमा आवश्यक सहजीकरण गर्न जि.स.स. सदस्य श्री कृष्ण प्रसाद लम्साल र उद्धव भण्डारीलाई जिम्मेवारी दिने यसको लागि आवश्यक सूचना/अभिलेख जि.स.स.को कार्यालयले उपलव्ध गराउने निर्णय गरियो ।

(७) तारकेश्वर नगरपालिका क्षेत्रका निजी तथा सार्वजनिक जग्गा एवं खोला, खहरेबाट ढुंगा, गिट्टी वालुवाको जथाभावी उत्खनन र स्वीकृती नलिई जग्गा प्लटिङ्ग गरी माटो, वालुवा निकासी गर्ने गरेकोले उक्त कार्य नियन्त्रणको लागि तारकेश्वर नगरपालिकाको च.नं. ३८८७ मिति ०७४/०९/११ को पत्रबाट लेखी आएको सन्दर्भमा जिल्ला अनुगमन समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारीज्यूसंग परामर्श भए वमोजिम त्यस नगरपालिका क्षेत्रको अनुगमन गरी सुझाव दिन र अवैध रुपमा उत्खनन भए गरेको पाइएमा सो कार्यमा तत्काल रोक लगाउने समेत कार्यको लागि जिल्ला समन्वय समितिका सदस्यको संयोजकत्वमा देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तारकेश्वर नगरपालिका क्षेत्रको अनुगमनका लागि :**

| | |
|---|---|
| जि.स.स. सदस्य श्री रघुनाथ तिमिल्सिना | संयोजक |
| अधिकृतस्तरको प्राविधिक प्रतिनिधि, तारकेश्वर नगरपालिका | सदस्य |
| सम्वन्धित वडाका वडा अध्यक्ष | सदस्य |
| स्थानीय प्रहरी चौकी ईन्चार्ज | सदस्य |